नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

# नेपाल एसबिआई बैंक लिमिटेडको सि-आस्बा (C-ASBA) सम्बन्धी सूचना

सिडिएस एण्ड क्लियरिङ्ग लि.(सिडिएससि) ले धितोपत्र सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा सम्बन्धी कार्य संचालन निर्देशिका, २०७४ को कार्यान्वयन गरी आगामी फाल्गुन ११, २०७४ देखि सार्वजनिक निष्काशनमा धितोपत्र खरीदको आवेदन अनिवार्य रुपमा सी-आस्बा (C-ASBA) मार्फत हुनुपर्ने व्यवस्था गरेकोले यस बैंकले मिति २०७४/११/०३ गते देखि आफ्ना ग्राहकहरुका लागि उक्त सेवा (C-ASBA) उपलब्ध गराउने भएको हुँदा यस बैंकमा खाता भएका सम्पूर्ण लगानीकर्ताहरुलाई यस बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क राखि आफ्नो विवरण अद्यावधिक गराई सी-आस्वा रजिष्ट्रेशन सम्बन्धी व्यवस्था बमोजिम समयमै सि.आर.एन. नं. (CRN No.) लिनुहुन सूचित गरिन्छ ।

सि-आस्बामा एक पटक दर्ता भैसकेका लगानीकर्ताले मेरो शेयर (Mero Share) सेवा मार्फत घरमै बसेर ईन्टरनेटको माध्यमबाट पनि खरिद आवेदन दिन सक्ने हुँदा अनलाईन (online) मार्फत आवेदन दिन चाहनुहुने यस बैंकमा D-mat खाता भएका लगानीकर्ताहरुलाई समेत मेरो शेयर (Mero Share) सेवा लिनुहुन यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

सी-आस्बा (C-ASBA) सेवा अन्तर्गत यस बैंकका सम्पूर्ण शाखाहरुबाट सि.आर.एन. नं. (CRN No.) प्रदान गरिने र आवेदन लिने व्यवस्था गरिएको छ । शाखा कार्यालयको विवरण यस बैंकको वेबसाईट www.nepalsbi.com.np मार्फत प्राप्त गर्न सकिनेछ ।